सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ४८ ♦ २०८१ साल भदौ २८ गते शुक्रवार ♦ 13 Sep 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## महोत्तरीको भंगहा निवासी डा. प्रवोध ५ महिना देखि वेपत्ता

**संजित मण्डल**

**भदौ २७ गते, बर्दिवास**

महोत्तरी जिल्लाको भंगहा नगर पालिका वडा नम्बर- २ बखरी गाउँमा घर भई काठमाडौंमा बस्दै आएका एक डाक्टर विगत पाँच महिनादेखि बेपत्ता रहेका छन् ।जिल्ला प्रहरी कार्यालय महोत्तरीले दिएको जानकारी अनुसार भंगहा - २ बस्ने सुकदेव यादवका छोरा ५० वर्षीय डाक्टर प्रबोध कुमार यादव गत बैशाख ३ गतेदेखि बेपत्ता रहेका छन् । नशारोग विशेषज्ञ रहेको डाक्टर प्रबोध काठमाडौं स्थित चाइनिज पिपुल हस्पिटलमा काम गर्नुका साथै आफैले पनि पब्लिक न्युरो एक्युपञ्चर एण्ड फिजियो केयर प्रा.लि. सञ्चालन गरेर सेवा दिँदै आएका थिए ।२०८० चैत २४ गते काठमाडौंबाट जग्गा सम्बन्धी कामको लागि गाउँ आएका डाक्टर प्रबोध काठमाडौं स्थित डेरामा छोडी आएका ४ छोराछोरी र श्रीमतिलाई घर खर्चको लागि पैसा पठाउन गाउँबाट मधेश प्रदेशको राजधानी जनकपुर गएको बेला जनकपुर बाटै गायब भएका थिए । नयाँ वर्षको समय रहेको कारण जग्गा सम्बन्धी कामकाज हुन नसक्दा १० दिनसम्म गाउँमै बस्नुपरेको डाक्टर प्रबोधले २०८१ बैशाख ३ गते श्रीमतिलाई पैसा पठाउन जनकपुरको मिल्स एरिया गएको बेला सोही स्थानबाट बेपत्ता भएको उनकी श्रीमति पुनम कुमारी यादवले बताउनुभयो ।

बैशाख २ गते राति श्रीमति पुनमसँग मोबाईल फोनमा कुरा गरेका डाक्टर प्रबोधले 'भोलि जनकपुर गएर तिमीलाई पैसा पठाइदिन्छु र म कामकाज सकेर २/४ दिनपछि आउँछु' भनेर बैशाख ३ गते जनकपुर पुगेर पनि दिउँसो २ बजे एकछिनमा पैसा पठाइदिन्छु भनेका डाक्टर प्रबोधले न त पैसा नै पठाए र न त आफू नै फिर्ता गए बरु सोही दिन दिउँसो ३ बजेदेखि उनको मोबाईल फोन पनि उठन छोडेको श्रीमति पुनमले बताउनुभयो ।बैशाख ३ गते दिउँसोदेखि रातभरिसम्म र बैशाख ४ गते २४सै घण्टा फोन गर्दा पनि डाक्रटर प्रबोधको फोनमा घण्टी गएको तर फोन उठेको थिएन भने बैशाख ५ गते बिहान ७ बजेतिर उनको फोन उठेको तर पुनमले हेल्लो गर्दा मोबाईलमा केहि जवाफ नफर्काई स्वीच्च अफ गरिएको थियो ।



त्यसदिन देखि आजसम्म डाक्टर को फोन स्वीच्च अफ नै बताउँछ भने डाक्टर यादवको आजसम्म कुनै अत्तोपत्तो छैन् ।

श्रीमानको फोन स्वीच्च अफ भएपछि बैशाख ५ गतेकै दिन डाक्टरको श्रीमति पुनमले गाउँमै रहेको दाजु नाता पर्ने सुरेश यादवलाई पठाएर प्रहरी चौकी सीतापुर भंगहामा आफ्नो श्रीमान डाक्टर प्रबोध यादवको खोजतलाशका लागि २०६ दर्ता नम्बरको निवेदन दर्ता गराएकी थिइन् ।प्रहरीले उक्त निवदेन जिल्ला पठाइदिएको र जिल्ला प्रहरी कार्यालय महोत्तरीले पनि सोही दिनदेखि डाक्टरको खोजतलाश गरिहेको प्रहरी उपरीक्षक नकुल पोखरेलले बताउनुभयो । तर आजसम्म डाक्टरको कुनै अत्तोपत्तो लागेको छैन् ।

यता विगत ५ महिनादेखि १४ वर्षीया छोरी -१ र क्रमशः १२ वर्षीय, १० वर्षीय र १८ महिनाका छोरा -३ लिएर भाडाको घरमा काठमाडौंमा बसिरहेकी श्रीमति ३६ वर्षीया पुनम कुमारी यादवलाई विभिन्न समस्याहरु भइरहेको उनले बताएकी छिन् ।

पाँच महिनादेखिको घर भाडा, बालबालिकाहरुको शिक्षादिक्षा र भरनपोषण सहितमा समस्या उत्पन्न भएको भन्दै पुनमले जिल्ला सदरमुकाम जलेश्वर पुगेर आफ्नो श्रीमानको

बाँकी पृष्ठ २ मा

## धनुषाधामबाट एक १३ वर्षीय बालक चार दिन देखि वेपत्ता

**खबर दर्पण समाचारदाता**

**भदौ २७ गते, जनकपुरधाम**




धनुषाधामबाट एक १३ वर्षीय बालक चार दिन देखि वेपत्ता भएको छ।

धनुषाको हंसपुर नगरपालिका मनिपट्टी बस्ने उचित साहको १३ वर्षीय छोरा अनुराग साह मंगलवार साझ देखि सम्पर्क विहिन रहेको छ ।

हराइरहेका बालकका मामा पुरन साहको अनुसार मंगलवार साँझ धनुषाधाम पुगेका अनुराग दुई दिन देखि घर फर्केको छैन। आफन्तजन सबै तिर खोजतलास गरी सकेपनि सम्पर्क विहिन रहेको मामा पुरनले बताए ।

घरबाट निस्किदा गुलाबी रंगको लुगा लगाएका बालक अनुराग कता पुगे सम्पर्क विहिन रहेको र यस समाचार संगै प्रकाशित समाचार तस्बीरमा देखिएका बालक कसैले कतै भेटेको देखेको खण्डमा नजिकै को प्रहरी चौकीमा वा प्रमेश्वर साह ( 9817616695), देवनारायण साह (9844100025) र पुरन साह ( 9854020521) लाई सम्पर्क गरी सहयोग गर्नु हनु पीडित परिवारजनले आग्रह गरेका छन् ।

## महोत्तरीको एक ईंटाभट्टामा आगजनी, १० लाखको क्षति

**खबर दर्पण समाचारदाता**

**भदौ २७ गते, बर्दिवास**

महोत्तरी जिल्लाको बलवा नगर पालिका वडा नम्बर-८ सरंचिया गाउँमा सञ्चालित माँ बौधी फिक्स ईंटा उद्योगमा अज्ञात समहले आगजनी गरेर लाखौको क्षति पु¬्याएको छ ।एकडारा गाउँपालिका- ५ बस्ने ४२ वर्षीय रामकृपाल साह र जलेश्वर नगर

बाँकी पृष्ठ २ मा






# महोत्तरीको भंगहा निवासी डा. प्रवोध....

खोजतलाशको लागि कलम चलाइदिन संचारकर्मीहरुलाई आग्रह गरेकी छिन् ।

श्रीमति पुनम कुमारी यादवले पटक पटक श्रीमान्को खोजतलाश गरिदिन फोन मार्फत तथा काठमाडौंबाट जिल्ला प्रहरी कार्यालय महोत्तरीमै पुगेर पनि हारगुहार र बिन्तिभाऊ गरेपनि उनको श्रीमानको कुनै अत्तोपत्तो नलागेको उनी बताउँछिन् ।

यसैबीच गत साउन १६ गतेका दिन पुनमले निक्कै प्रयासपछि जिल्ला प्रहरी कार्यालय महोत्तरीमा शंकास्पद तीन जनामाथि जाहेरी दर्ता गराएपनि प्रहरीले ईमान्दारी र गम्भिरतापूर्वक मुद्दाको अनुसन्धान तथा संकास्पद व्यक्तिहरुसँग केरकार र सोधपुछ नगरिदिँदा आफ्नो श्रीमानको अवस्था अझै अज्ञात रहेको पुनमको आरोप रहेको छ ।

पुनमले श्रीमान गायब भएदेखि गाउँमा बस्दै आएका ससुरा सुकदेव यादव, सासु जिलेबिया देवी, देवर प्रदीप यादव र देवरानी अंजनी ठडिया यादवले आफूलाई काठमाडौंमा बालबच्चा सहित बसिरहेको अवस्थामा कुनै सहयोग नगरेको र गाउँमा जाँदा पनि कुनै मद्दत नगरेर गाली गलौज र बेईज्जति गरी भगाइदिने गरेको आरोप पनि लगाउनुभयो ।घरका सदस्यहरुले पुनमलाई नै श्रीमानलाई बेपत्ता पारेको र बहाना गरेर गाउँमा आएको भन्दै उनीहरुले सहयोग नगरिरहेको उनले भक्कानिदै बताईन् ।

तर काठमाडौंबाट गाउँ आएका डाक्टर पुनमको सम्पर्कमा नरहेको र आजसम्म कुनै अत्तोपत्तो नरहेको अवस्थामा ४ बालबालिका सहित काठमाडौंमा बस्नु र श्रीमानको खोजीको लागि पटक पटक जिल्ला प्रहरी सम्म आउजाऊ गर्दा निक्कै समस्या हुने गरेको भन्दै उनले संचारकर्मीहरुलाई सहयोगको लागि अपिल गरेकी छिन् ।

यस सन्दर्भमा महोत्तरीका संचारकर्मीहरुको एक समूह डाक्टर प्रबोधको गाउँमा अवस्थित घरमा पुग्दा उहाँका बुवा आमा घरमा भेटिनुभएन भने एक जना महिला घरमा देखिए पनि उनी बाहिर आउन तथा संचारकर्मीहरुसँग कुराकानी गर्न मानेनन् ।-रासस

# महोत्तरीको एक ईंटाभट्ठामा .............

पालिका- ८ बस्ने ३७ वर्षीय उदयचन्द्र सिंहले रामगोपालपुर नगरपालिका- ८ बस्ने ५० वर्षीय मायाराम मण्डलसित २०८० माघ १० गतेदेखि भाडामा लिएर सञ्चालन गर्दै आएको उक्त ईंटाभट्ठाको कार्यालयमा आगजनी गरिदिँदा १० लाख रुपैया बराबर को क्षति भएको उनीहरुले जनाएका छन् ।

आजगनीबाट उक्त ईंटाभट्ठामा रहेका ४ कोठे घर, काठको फर्मा थान- २५०, ग्रिस-१८ किलोग्राम, गियर आयल र ईंजन आयल-४१ लिटर, ठेलागाडाको चक्का- २० सेट, काठको खाट थान-३, स्टील दराज थान-१, पंखा थान-३, पानी तान्ने मोटर थान-४, काउण्टर थान-१, बिजुलीको मिटर, बिजुलीको तार -५० क्वाईल, त्रिपाल थान-३, जुटको चट्टी थान-३, फम- १ बण्डल, प्लाष्टिकको बाल्टिन थान- ५०, एलईडी चिम थान- १५०, खानेपानी कल, भाँडाकुडा, ओढ्ने ओछ्याउने र अन्य सरसामानहरु जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलाल प्रसाद जैसवार ले बताउनुभयो ।

पीडितहरुद्वारा आगजनीको घटनाबाट ईंटाभट्ठाको सबैथोक जलेर नष्ट हुँदा ९ लाख ९५ हजार ५०० रुपैया बराबरको क्षति भएको दावी गरिएको छ भने प्रहरी नायब उपरीक्षक जैसवारले यस घटना सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको बताउनुभएको छ ।

ईंटाभट्ठामा हेरचाहका लागि बसेका कामदार (पाले) कामता प्रसाद प्रजापतिका अनुसार मंगलबार राति ३ बजेको समयमा समूहमा आएका अज्ञात व्यक्तिहरुले आगजनी गरी सबैथोक खरानी बनाएको थियो ।यता यसअघि उक्त ईंटाभट्ठा सञ्चालन गर्दै आएका तथा नयाँ सञ्चालकद्वय रामकृपाल र उदयचन्द्रलाई भाँडामा दिने व्यक्ति मायारामले ईंटाभट्ठामा बलवा नगर पालिका- ६ बस्ने ३८ वर्षीय रामईश्वर यादव र ४५ वर्षीय लालबाबु यादवले उक्त ईंटाभट्ठामा आगजनी गरेको आरोप लगाएका छन् ।

मायारामले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उनीहरुले नै ईंटाभट्ठामा आगजनी गरेको भन्दै उनीहरु विरुद्ध निवेदन पनि दिएको छ ।

मायारामले ईंटाभट्ठा रामकृपाल र उदयचन्द्रलाई भाँडामा दिँदा ईंटाभट्ठाको सञ्चालनमा आउने सबै वाधा अवरोध फुकाउने, पहिलेको बाँकी बक्यौता उसैले तिर्ने र कुनै कसैले हानी, नोक्सानी वा क्षति पुऱ्याउन आएमा उसैको जवाफदेही हुने भनि सम्झौता गरेकोले मायारामले रामईश्वर र लालबाबु विरुद्ध निवेदन दिएको हो ।

घटना घटाउनु भन्दा एकदिन अघि मात्रै रामईश्वरका मान्छेहरुले ईंटाभट्ठामा गाडि वा सवारी साधन जान नसक्ने गरी २ ठाउँमा बाटो खनिदिएको र आफ्नो पैसा ईंटाभट्ठावाला माथि बाँकी रहेको भन्दै लागी लगौज गर्दै आफ्नो पैसा नदिएमा आगो लगाएर सबै नष्ट गरिदिने धम्की दिएर गएको कारण मायारामले उनीहरुले नै ईंटाभट्ठामा आगजनी गरेको दाबी गर्दै प्रहरीमा निवेदन दिएका छन् ।

## औरही नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, महोत्तरी**

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।**

*प्रमुख प्रशासकीय अधिकृत*

## मठिहानी पालिका

**नगर कार्यपालिकाको कार्यालय, महोत्तरी**

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।**

*प्रमुख प्रशासकीय अधिकृत*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# १६ हजार हेक्टर वनको जग्गा अतिक्रमण

विजयकुमार साह

**भदौ २७ गते, ढल्केवर**

मधेश प्रदेशका आठ जिल्लाका राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वन र कबुलियत वन गरी १६ हजार हेक्टर वनको जग्गा अतिक्रमणमा परेको छ। वन तथा वातावरण मन्त्रालय मधेश प्रदेशको तथ्याङ्क अनुसार प्रदेशमा १६ हजार ५९९ हेक्टर वन क्षेत्रको जग्गा अतिक्रमणमा परेको हो ।

प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा बढी बारामा १० हजार ५९३ हेक्टर वनको जग्गा अतिक्रमणमा परेको छ । सर्लाहीमा भने सबैभन्दा कम ७१ हेक्टर वन क्षेत्र अतिक्रमित अवस्थामा छ। त्यस्तै सप्तरीमा ८०, सिराहामा ९४३, धनुषामा ८३७, महोत्तरीमा ६७३, रौतहटमा ३१९ र पर्सामा २११ हेक्टर वनको जग्गा अतिक्रमणको चपेटामा छ ।

अतिक्रमण भएका जग्गामा सार्वजनिक संरचना निर्माण, घर टहरा निर्माण, विद्यालय, क्लबका भवन निर्माण गरिएको छ। धेरैजसो स्थानमा त बाक्लो बस्ती र खेतीपातीका लागि जग्गा प्रयोग भइरहेको बताइएको छ। देशमा सबैभन्दा कम वन क्षेत्र मधेश प्रदेशमा छ।

नेपालमा कुल भूभागमध्ये ४५ प्रतिशत वन क्षेत्र भए पनि मधेश प्रदेशमा ३.७२ प्रतिशत मात्र वन क्षेत्र रहेको छ। प्रदेशको करिब दुई लाख दुई हजार २०२ हेक्टर जमिन वनले ओगटेको छ । जसमा मधेश प्रदेशका १३६ स्थानीय तहमध्ये ८९ वटामा स्थानीय तहमा प्राकृतिक वन नरहेको वन मन्त्रालयको विवरणमा उल्लेख छ ।

पछिल्लो समय मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले वन क्षेत्रको अतिक्रमित जग्गा खाली गराउन चासो देखाउनुभएको छ। उहाँले वन क्षेत्रको जग्गा अतिक्रमण हुनबाट जोगाउने कर्मचारीलाई सराहना गर्नुभएको छ भने अतिक्रमण बारे सूचना तथा निर्देशन समेत दिने गर्नुभएको छ। उहाँले गत मङ्गलबार मात्र प्रदेशका आठ वटै जिल्लाका डिभिजनल वन अधिकृतलाई बोलाएर प्रत्येक महिनामा कम्तीमा एक ठाउँको पुरानो वन अतिक्रमण पहिचान गरी हटाउन र नयाँ वन अतिक्रमण हुन नदिन निर्देशन दिनुभएको थियो ।

मुख्यमन्त्री सिंहले वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउन आफू सक्रिय रहेको बताउनुभयो । यस कार्यमा तल्लो तहमा कार्यरत जनशक्तिले इमानदार भएर निष्ठापूर्वक काम गरिदिंदा सरकारबाट प्रवाह हुने सेवा संस्थागत र सुशासनयुक्त हुने उल्लेख गर्दै अतिक्रमणले प्राकृतिक विपत् बढ्दै गएकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले असल काम गर्ने कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन गर्ने नीति प्रदेश सरकारको रहेको प्रस्ट पार्नुभयो । वन तथा वातावरण मन्त्रालय मधेश प्रदेशका सचिव उद्धवबहादुर घिमिरेले वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउन मन्त्रालय मातहतका आठ वटै जिल्लाका डिभिजन वन



कार्यालयलाई परिपत्र जारी गरिएको बताउनुभयो। परिपत्र अनुसार कार्ययोजना बनाएर वन अतिक्रमणको व्यवस्थापनमा तदारुकताका साथ लाग्न भनिएको उहाँले जानकारी दिनुभयो । खाली गराएको ठाउँमा वृक्षरोपण गरिने सचिव घिमिरेको भनाइ छ।

प्रदेश वन निर्देशनालयका अधिकृत सुरेश शर्माले वन क्षेत्र प्रदेश मातहत आए पनि प्रशासन सङ्घीय सरकारको निर्देशन र समन्वयमा सञ्चालन रहेकाले वन क्षेत्र अतिक्रमणमुक्त गराउन समस्या रहेको बताउनुभयो । उहाँले यसका लागि स्थानीय प्रशासनको पहलकदमी आवश्यक भएको जानकारी दिनुभयो । मधेश प्रदेशमा मानव, बस्ती, कृषि, उद्योग तथा पूर्वाधारको द्रुत विस्तारले वन अतिक्रमणका साथै बहुमूल्य पारिस्थितिकीय प्रणालीको विनाश भइरहेको अधिकृत शर्माको भनाइ छ । यसका साथै जैविक विविधताको क्षति, माटोको क्षय, पानीको कमी र प्राकृतिक प्रकोपको बढ्दो जोखिमलगायत वातावरण र मानव समुदाय दुवैमा नकारात्मक प्रभाव परेको उहाँले बताउनुभयो ।

अतिक्रमित २१४ हेक्टर वनका जग्गा खाली

वन तथा वातावरण मन्त्रालय मधेश प्रदेशको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा अतिक्रमणमा परेका २१४ हेक्टर वन क्षेत्रको जमिन खाली गरिएको छ। प्रदेशका सात वटा जिल्लामा गरी २१४ हेक्टर वन क्षेत्रको अतिक्रमित जग्गा खाली गराइएको हो। अतिक्रमणमुक्त गरिएको जग्गा वन क्षेत्र कायम गरी वृक्षरोपण गरिएको सचिव घिमिरेले बताउनुभयो। यसमध्ये सबैभन्दा बढी बारामा ५७ हेक्टर वनको जग्गा खाली गरिएको तथ्याङ्कमा उल्लेख छ भने रौतहटमा शून्य प्रगति रहेको छ। त्यस्तै सप्तरीमा १०, सिराहामा ५०, धनुषामा ३५, महोत्तरीमा ३१, सर्लाहीमा २५, रौतहटमा शून्य र पर्सामा पाँच हेक्टर अतिक्रमणमा परेका वनको जग्गा खाली गराइएको छ।


## रामगोपालपुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय, महोत्तरी**

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन। साथै, लगत कट्टा भएका व्यक्तिले पुन: लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।**

*प्रमुख प्रशासकीय अधिकृत*


## बर्दिबास बचत तथा ऋण सहकारी संस्थाको कारोबार २२ करोड माथि

खबर दर्पण समाचारदाता

**भदौ २७ गते, बर्दिबास**

बर्दिबास बचत तथा ऋण सहकारी संस्था लिमिटेडले चालु आर्थिक वर्ष २०८१-०८२ मा २६ करोड कारोबारको लक्ष लिएको छ । गत आर्थिक वर्ष २०८०-०८१ मा २२ करोड २० लाख ५५ हजार ६६७ को कूल कारोबार गरेको संस्थाले आज मङ्गलबार सम्पन्न १३ औं साधारणसभाबाट चालु आव २०८१-०८२ मा ऋण्डै चार करोड बढीको कूल कारोबार को लक्ष लिएको हो ।

सहकारी कारोबारमा मधेशमै उत्कृष्ट दरिएको यो संस्थाको गत आव २०८०-०८१ मा स्थिर सम्पत्ति ७७ लाख ९२ हजार ५४६ रहेको साधारणसभामा कोषाध्यक्ष सन्तोसकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा चालु आवमा यो ९२ लाख पुऱ्याउने संस्थाको लक्ष छ। संस्थाले गत आव २०८०-०८१ मा खुद नाफा २० लाख ४४ हजार ३०८ गरेको प्रतिवेदनमा उल्लेख छ।

विक्रम सम्वत् २०६७ सालको अन्त्यतिर दर्ता भइ २०६८ साल जेठ १ गतेबाट संस्थागत रुपमा विधिवत कारोबार सुरु गरेको यो सहकारीमा हाल तीन हजार ५४४ सदस्य छन् । चालु आवको प्रारम्भमा संस्थामा शेयर रकम दुई करोड ३९ लाख २९ हजार २०० रहेको प्रतिवेदनमा उल्लेख छ । यसैगरी कूल लगानीमा रहेको ऋण १६ करोड ९७ लाख रहेको छ। संस्थाले बर्सेनि सामाजिक कृयाकलाप गर्दै आएको छ। यिनमा चार जना सेयर सदस्यका सन्तानलानलाई अध्ययन छात्रवृति र जेष्ठ सदस्य सम्मानजस्ता रचनात्मक कृयाकलाप छन् । संस्थाको १३ औं साधारणसभामा छात्रवृति प्रदान र जेष्ठ सेयर सदस्य सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।

संस्थाले उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणी, उत्कृष्ट बाल बचतकर्ता र उत्कृष्ट कर्मचारीलाई पनि सम्मानित गरेको छ । बर्दिबास नगरपालिकाका प्रमुख प्रहलादकुमार क्षेत्रीले उद्घाटन गर्नु भएको १३ औं साधारणसभाले संस्थाका सचिव भवनाथ खतिवडा र कोषध्यक्ष सन्तोसकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको प्रतिवेदन पारित गरेको प्रवन्धक रमेशबहादुर सिंहले जानकारी दिनुभयो । साधारणसभा संस्थाका अध्यक्ष शङ्करकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो।


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# देहातमा देवनारायणको 'कल्चरल भिलेज'

**खबर दर्पण समाचारदाता**

**भदौ २७ गते, जनकपुरधाम**

खपडा र बाँसको टालो (टाटी) लगाइएका रंगीचंगी घर लहरै छन् । घरअघि ढिकी, सन्दुक, लालटिन, पेट्रोम्याक्स, माछा मार्ने जाल र हलो राखिएको छ । मधेशमा एक समय चलनमा रहेका यी सामान हाल प्रयोग हुन छाडेका छन्।

मिथिला क्षेत्रको यिनै लोप हुन लागेका सामग्री तथा संस्कृतिको जानकारी दिने उद्देश्यसहित धनुषाको मिथिलाविहारी नगर पालिका-२ पुरनदाहामा सञ्चालित छ- कल्चरल भिलेज ।

१० महिनादेखि सञ्चालित भिलेजमा मिथिला-मधेशको लोपोन्मुख सामानको संग्रहालय त हेर्न पाइन्छ नै देहातको खाना, कचरी, मुरही, झिल्ली, आलुचप तथा माछाको खाजासँगै कोदो-फापरको रोटी नुन-खुर्सानीको चटनीको स्वाद पनि लिन सकिन्छ । कल्चरल भिलेजमा आउने पाहुनालाई सोइजनको सात किसिमका काढा, मकैको जुँगा, मेवाको पात, अर्जुनाको डाँटको, तुलसीको काढा र लेमन चियाले स्वागत गरिन्छ । खानामा पनि स्थानीय उत्पादन नै हुन्छ ।

कल्चरल भिलेजमा मिथिला-मधेशको देहाती खानाको स्वाद लिनुका साथै १० बिघामा फैलिएको कृषि फार्मिङ हेर्न सकिन्छ । यसका संस्थापक हुन्- स्थानीय ३८ वर्षीय देवनारायण मण्डल । मिथिला-मधेशको लोपोन्मुख सामानको संग्रहालय बनाउने सपनासँगै कल्चरल भिलेजको यात्रा तय गर्न भने मण्डलले संघर्ष र सकस दुवै झेल्नुपर्‍यो ।

धनुषाधामको जंगलमा देव नारायणले खपडा र बाँसकै टाटीको सानो झुपडी बनाएका थिए । तर, थामिनसक्नु पर्यटक आउन थालेपछि उनले टेन्टमा राख्न थाले । त्यहाँ बस्ने पर्यटकलाई धोती-कुर्ता र गम्छा तथा सारीमा राखिन्थ्यो । मुसहर समुदायले पकाएको देहातको व्यञ्जन पस्किइन्थ्यो । र, मिथिला-मधेशका लोक नाँच देखाइन्थ्यो । देवनारायणको 'जंगलको हाइकिङ' मज्जाले चल्यो । तर, मिहिनेतअनुसारको आम्दानी नभएपछि उनी हच्किए । 'सबै मेहनत हाम्रो टिमले गर्थ्यो । तर, पैसा धनुषाधाम वन समितिको आम्दानीमा देखाउनुपर्थ्यो,' उनले भने । कोभिडपछि त व्यवसाय नै बन्द भयो ।

धनुषाधामको जंगलमा 'एक्सप्लोर मिथिला' सञ्चालन गर्दा देवनारायणले त्यहाँ आउने पर्यटकको चाहनाको पनि अध्ययन गरेका थिए । अनि, कोभिडपछि जन्मियो-कल्चरल भिलेज । 'पाहुनाले होमस्टे, गाउँको जस्तै घर-वातावरण खोज्थे,' देवनारायणले भने, 'पुरनदाहामा एकै ठाउँमा १० बिघा जग्गा भेटियो । लिजमा लिएँ । दुई वर्षदेखि काम सुरु भयो,' उनले भने, '९ महिनादेखि सर्वसाधारणका लागि खुल्ला गरिएको छ ।'

कल्चरल भिलेजभित्र गाउँकै परिवेश छ । गाउँकै जस्तो घर, घरको भित्तामा मिथिला पेन्टिङ कुँदिएको छ । परेवाको खोर, परालको टाल, माछा पोखरी, कुखुरा-हाँसको बथान, गाईको गोठ छन् । ७ वटा माछा पोखरी छन् । माछा पोखरीमा फ्लटिङ रेस्टुरेन्ट बनाउने योजना छ । एक वर्षअघि पोखरीमा राखिएको घोंघी, शंखेकीरा, सितुवा, माछा खानयोग्य भइसकेको छ । फलफूलको बगैंचा नै छ । फलेको सिजनमा पर्यटकलाई बोटबाटै टिपेर खाने प्रबन्ध मिलाएको देवनारायण बताउँछन् ।



मधेशमा लोपोन्मुख तरकारी कुतरूम यहाँ पाइन्छ । प्याज, लसुन, अन्नबाली, कोदो, फापर, गहुँ, धान, दाल कल्चरल भिलेजकै खेतमा उब्जाइन्छ । 'एक वर्षभित्रमा नुन र चिनीबाहेक सबै खाद्य सामग्री यहीँकै उत्पादनले धान्छ,' देवनारायणले भने, 'मिथिला-मधेशको खाना, पहिरन, भेषभूषा, गीतसंगीत, कृषिसँग जोडिएको औजार राखेर कल्चरल् भिलेजलाई म्युजियम शैलीमा लैजाने सोच छ ।'

कल्चरल भिलेजलाई समुदायसँग जोड्न देवनारायणले वरिपरिका गाउँलेलाई दुई कामको जिम्मा लगाएका छन् । पहिलो, मिथिला-मधेशको लोकसंस्कृति, नाँच, बाजाका लागि सांस्कृतिक टोली । दोस्रो, मिथिला-मधेशका पारम्पारिक परिकार बिरिया, अदौरी, कुम्हरौरी, तिरौरी, सुखरी लगायत २० परिकार बनाउने अर्को टोली । 'कल्चरल भिलेजमा झिझिया, झरीझरी, ढोलपिपही, समाचकेवाको प्रस्तुति गरिन्छ,' उनले भने, '६० जनाको सांस्कृतिक टिम छ । उनीहरूलाई प्रस्तुतिअनुसारको पारिश्रमिक दिइन्छ ।'

६० लाखको लगानीबाट कल्चरल भिलेजको सुरुवात गरेका देवनारायणले काठमाडौं, पोखरा, विराटनगर, नेपालगन्जलगायत स्थानबाट पर्यटक आइरहेको बताए । 'जनकपुरबाट त दिनहुँ मानिस आइरहन्छन्,' उनले भने, 'राति बास बस्ने र यहाँको कृषि फार्मिङको आनन्द लिनेहरू भने बढी बाहिरकै हुन्छन् ।'

एसी-ननएसी गरी चारवटा कोठा रहेको कल्चरल भिलेजमा भने कृषि फार्मिङ अध्ययनका लागि लामो समय बस्नेहरूका लागि छुट्टै कोठा बनाइँदै छ । 'कल्चरल भिलेजमा आउनेलाई परशुराम तलाउ भने वयलगाडामा घुमाइन्छ,' उनले भने ।-कान्तिपुरबाट


"स्वस्थ रहौं, खुसी र सुखी रहौं"

स्वास्थ नै धन हो ।

स्वस्थ/निरोगी र दिर्घायु जिवनका लागि खानपान सम्बन्धि व्यवहारहरु ।

१. हरेक दिन विभिन्न थरिका खानेकुराहरु खाने ।
२. हरेक दिन प्रयाप्त मात्रामा फलफूल र हरिया साग सब्जी खाने ।
३. हरेक दिन दाल र गेडागुडी खाने ।
४. माछा, मासु वा अण्डा नियमित रुपमा खाने ।
५. हरेक दिन दुध र दुधजन्य खानेकुराहरु खाने ।
६. खाना पकाउँदा तेल वा घ्यु थोरै मात्रामा प्रयोग गर्ने ।
७. स्वास्थ्यमा हानी पुऱ्याउने खाना सम्बन्धी अन्ध विश्वासबाट सावधान रहने ।
८. खानामा कम मात्रामा सधै आयोडिन युक्त नुन मात्र प्रयोग गर्ने ।
९. गुलिया र चिल्ला खानेकुरा कम मात्रामा खाने ।
१०. हरेक दिन ताजा र सफा खाना खाने र प्रयाप्त मात्रामा पानी पिउने ।
११. नियमित रुपमा शारीरिक ब्याम गर्ने ।
१२. परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टीक खाना खाने ।
१३. पौष्टिक तत्व कम भएका एवं बढि गुलिया, चिल्ला र नुनिला तयार पारेका खानेकुराहरु कम खाने ।
१४. मदिरा जन्य पेय पदार्थ उपभोग नगर्ने ।
१५. शिशुलाई प्रयाप्त मात्रमा स्तनपान गराउने ।
१६. शिशु ६ महिना पुरा भएपछी स्तनपानको साथसाथै थप खाना खुवाउने ।
१७. गर्भवती र स्तनपान गराउने आमाले थप पोषिला खानेकुराहरु खाने ।
१८. बढ्दो उमेरका किशोर किशोरीहरुले खानपान सम्बन्धि स्वस्थ बानी बसाल्ने ।
१९.जेष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिने ।

जिल्ला स्वास्थ्य कार्यालय,
महोत्तरी, जलेश्वर, मधेस प्रदेश











खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,